# माथागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पाको आ.व. २०८२/०८३ को प्रथम चौमासिक प्रगति विवरण

**प्रस्तोताः सुन्दर प्रसाद श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**

माथागढी गाउँपालिकाद्वारा प्रदान गरिने सेवा प्रवाह सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही विचमा दोहोरो संवाद र प्रश्नोत्तर गरी एक आपसमा प्रष्ट हुने र स्थानीय सरकारको कार्यसम्पादनलाई आगामी दिनहरुमा अझ पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन जनताको कामलाई सरल र सहज ढङ्गबाट सम्पादन गर्न यो सार्वजनिक सुनुवाईको मुल उद्देश्य रहेको छ। स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ (५) बमोजिम सुशासन ऐन, २०६४ को दफा ३० को आधारमा यो कार्यक्रमको तय गरिएको छ। हाम्रो गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारमा कार्यसम्पादन गर्दै आएको छ।

सुशासनका लागि पारदर्शिता र जवाफदेहिता महत्वपूर्ण औजारहरु हुन। सीमित स्रोत साधनबाट जनताको असिमित आवश्यकता पुरा गर्न प्रायः असम्भव छ तथापी जनताको आर्थिक, सामाजिक, सास्कृतिक साथै महशुस हुने गरी भौतिक पूर्वाधारको विकास गरी जनताको दिगो विकासको चाहनालाई पुरा गर्न हाम्रो ध्यान केन्द्रित छ। प्राप्त स्रोत र साधनको समुचित व्यवस्थापन र विकासको हरेक चरणमा सर्वसाधारण जनताको चासो बढी रहेको छ।

गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रति जति बढि जनताको चासो र निगरानी हुन्छ उति बढि पारदर्शिता, जवाफदेहिता र साथै सुशासन प्रबर्द्धनमा उति टेवा पुग्दछ। माथागढी गाउँपालिका बासी आम नागरिक प्रति हाम्रो उत्तिकै सम्मान र दायित्व छ। नागरिकको अधिकार स्थापित गरी विकासको प्रतिफल न्यायोचित ढङ्गले वितरण गर्ने तर्फ पनि हामी उत्तिकै सचेत छौं।

आगामी दिनहरुमा माथागढी गाउँपालिकाको कार्यसम्पादनलाई चुस्त, दुरुस्त र सुदृढ बनाउन सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही जनताबाट प्राप्त सुझाब साथै पृष्ठपोषणवाट गुनासो व्यवस्थापन गर्दै सार्वजनिक प्रतिबध्दता घोषणा गर्ने यो हाम्रो प्रयास पनि हो। यसपटक गाउँपालिकाको तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम गर्न गाउँपालिकामा आयोजना गरिएको छ। यो सार्वजनिक सुनुवाईबाट गाउँपालिका भित्रका समस्याहरु पहिचान भई समस्या समाधान गर्ने विकल्पहरु पहिल्याई सम्बोधन गर्ने जमर्को गरिने छ। गाउँपालिकाको सेवा प्रदायक शाखा र सेवाग्राही जनता विच सुमधुर सम्बन्ध स्थापित हुनेछ। प्रत्येक आर्थिक वर्षमा गाउँपालिकाले तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गरी आफ्नो कार्यलाई पारदर्शिता र सुशासन गर्ने कायम गर्ने जमर्को गरिरहेको छ।

उपस्थित महानुभावहरु,

- अब म गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहेका विभिन्न शाखाबाट आ.व. २०८२/०८३ को प्रथम चौमासिकमा सम्पादित योजना तथा कार्यक्रमको संक्षिप्त प्रतिवेदन पेश गर्दछु।

## कृषि तर्फ

- कृषि उत्पादन प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत ११ वटा समूह, सहकारिहरु सूचीकृत तथा सम्झौता भई कार्यान्वयनमा रहेका ।

- हिउँदे तरकारी बिउ बिजन अनुदान कार्यक्रम अन्तर्गत ७५% अनुदानमा काउली, बन्दा, ब्रोकाउली, मूला, साग र गाजरको गरि जम्मा २७६३ प्याकेट तरकारी बिउ पालिका भरिका ४७ वटा कृषक समूह, ३ वटा फार्म र १४३ जना कृषकहरुलाई वितरण गरिएको ।

- संघिय ससर्त अनुदानको खाद्यान्न बालीको बिउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५० % अनुदानमा ५३०० केजि गहुँको बिउ पालिकाभरिका २२ वटा कृषक समूह र १६१ जना कृषकहरुलाई वितरण गरिएको ।

- एक गाउँ एक उत्पादन आलु पकेट कार्यक्रम अन्तर्गत ५० % अनुदानमा उन्नत जातका आलुको बिउ १०४०० केजि पालिका भरिका ३७ वटा कृषक समूह र ८२ जना कृषकहरुलाई वितरण गरिएको।

- पालिकाको वडा नं. १ र २ मा यस आ.व.को प्रथम चौमासिकमा करिब २ हजार के जि सयपत्रि उत्पादन तथा बिक्रि गरि करिब रु.६ लाख बराबरको कारोबार भएको।

- माथागढी गाउँपालिका वडा नं. ४ को खुर्सानी पकेटबाट यस आ.व.को प्रथम चौमासिक सम्म ८४.५ मे.टन हरियो खुर्सानि बिक्रि गरि करिब रु.८५ लाख बराबरको कारोबार भएको।

- माथागढी गाउँपालिका वडा नं. ५ को धामिघा,शखर र वडा नं. ३ को ओलेस धनिया पकेटबाट यस आ.व.को प्रथाम चौमासिक सम्म ३१ मे.टन हरियो धनियाँ बिक्रि गरि करिब रु.५५ लाख बराबरको कारोबार भएको छ।

- पालिका भित्र रहेका ३ वटा ड्रागन फामबाट २६०० केजि बिक्रि गरि करिब रु. ९.५ लाख बराबरको कारोबार भएको।

- कृषि उत्पादन प्रोत्साहन कार्यक्रम अन्तर्गत संकलित कृषि उपजको प्रथम चौमासिकमा रु. १ करोड २१ लाख २३ हजार भन्दा बढीको कारोबार भएको।

- कृषि उत्पादन प्रोत्साहन कार्यक्रम अन्तर्गत ११ वटा समूह,सहकारिहरुले कार्त्तिक सम्म सँकलन तथा बिक्रि गरेको कृषि उपजको विवरण तथा भुक्तानि दायित्व विवरण

| कृषि उपज | दुध लि. | तरकारी केजि | खसी/बोका केजि | बँगुर/पाडा केजि | फलफूल केजि | लोकल कुखुरा | मह |
|---|---|---|---|---|---|---|---|
| कारोबार परिमाण | ४१४४८ | ९८४३५ | २७८८ | १५७६ | ७६९७ | १९५ | ६ |
| प्रति एकाइ अनुदान रु. | ५ | ५ | २५ | १५ | ५ | २५ | ५० |
| दायित्व रकम रु. | २०७२४० | ४९२१७५ | ६९७०० | २३६४० | ३८४८५ | ४८७५ | ३०० |

- ११ वटा समूह,सहकारिहरुले कार्त्तिक सम्म सँकलन तथा बिक्रि गरेको कृषि उपजको रु. ९,०६,४१५।— बराबरको दायित्व सिर्जना भएको ।

- कार्तिक १२ देखि १५ गते सम्म परेको निरन्तर झरिले पालिका भरिको धान खेति हुने करिब ६५.३ हे. क्षेत्रफलमा २२८ मे.टन जति उत्पादनमा क्षति भएको अनुमान गरिएको तथा क्षति विवरण कृषि ज्ञान केन्द्र मार्फत प्रदेश कार्यालयमा पेश गरिएको।

- फिल्ड स्तरमा किसानको खेतबारीमा देखा परिरहने रोग, किरा लगायतका किसानको समस्या समाधानका लागि प्राविधिकहरु नियमित खटिइ आवश्यक सल्लाह, सुझाव सहितको सेवा दिइ रहेको ।

## पशुपन्छी सेवा तर्फ

- पशु आहारा कार्यक्रम अन्तर्गत हिउँदे घाँस जै- १००० के.जि. र वर्षिम- २५० के.जि. विउ वितरण गरिएको।
- पशुन्छीमा लाग्ने महामारी रोग खोरेत र Lumpy Skin विरुद्ध खोप कार्यक्रम संचालन भईरहेको।
- कार्यान्वयनको चरणमा रहेका पशुपन्छी विकास कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम | आवेदक संख्या | छनौट हुने संख्या | कार्यान्वयन | कैफियत |
|---|---|---|---|---|---|
| १ | भकारो सुधार कार्यक्रम | ३३ | १६ | कार्यान्वयनको चरणमा | |
| २ | बंगुर तथा बाख्राको गोठ खोर सुधार कार्यक्रम | ७५ | २५ | कार्यान्वयनको चरणमा | |
| ३ | डेरी पसल सुधार कार्यक्रम | २ | १ | कार्यान्वयनको चरणमा | |
| ४ | मासु पसल सुधार कार्यक्रम | १ | २ | कार्यान्वयनको चरणमा | |
| ५ | प्राकृतिक नक्ष सुधार कार्यक्रम | ७ | १० | कार्यान्वयनको चरणमा | |
| ६ | एक वडा एक पशुपंक्षी फार्म विस्तार कार्यक्रम | ३ | २ | कार्यान्वयनको चरणमा | |
| ७ | माछा प्रवर्द्धन कार्यक्रम | १ | २ | कार्यान्वयनको चरणमा | |

- उत्पादनमा आधारित कार्यक्रम अन्तर्गत हालसम्मको विभिन्न समूह/सहकारीबाट उत्पादित विवरण

| क्र.सं. | उत्पादित बस्तु | परिमाण | अनुदान | जम्मा अनुमानित अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुध | ४१४४८.४८ | ५।- | २०७२४२.४ | |
| २ | बोकाको मासु | २७८७.५ | २५।- | ६९६८७.५ | |
| ३ | बंगुरको मासु | १५७६ | १५।- | २३६४० | |
| ४ | राँगोको मासु | - | १५।- | ० | |
| ५ | लोकल कुखुराको मासु | १९४.२ | २५।- | ४८५५ | |
| | जम्मा | | | ३,०५,४२४.९।- | |

## शिक्षा, युवा तथा खेलकुदतर्फ

- गाउँपालिका भित्रका अभिभावक विहीन बालबालिकाहरुलाई शैक्षिक अभिभावकत्व ग्रहणका १० विद्यालयका १९ जना छात्रछात्रालाई २६७००० रकम निकसा भएको ।
- मिति २०८२/०५/२९ गते बालदिवसको अबसरमा सम्पूर्ण सामुदायिक विद्यालयहरुको आधारभूत तह कक्षा १-३ मा हस्तलेखन प्रतियोगिता सञ्चालन गरिएको।
- माथागढी गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको लेखापरीक्षणको लागी सुचिकृत लेखापरीक्षकको नामावली संकलन।
- सम्पत्ति विवरण पेश गरिएको।
- माथागढी गाउँपालिकाका स्थायी शिक्षकहरुको का.स.मू पेस गरिएको ।
- शिक्षक कर्मचारीहरुको साउन, भदौ, तलव भत्ता र चाडपर्व खर्च रकम रु. ४२०१४४७८.०९ र असोज, कार्तिक महिनाको तलव भत्ता रकम रु.२९४२३९८९.३९ जम्मा रकम रु. ४१४३८४६७.४८ निकासा ।
- साउन, भदौ र असोज महिनाको दिवा खाजा रकम रु.१६९२०६० निकासा।
- दश वर्षे गाउँ शिक्षा योजना निर्माण गरी माथागढी गाउँपालिकाको वेबसाइटमा राखिएको।
- शिक्षा समिति बैठक-१, विषयगत समिति बैठक-२, परीक्षा समिति वैठक-२, प्र.अ. बैठक-१ पटक सम्पन्न भएको ।
- खेल प्रशिक्षण कार्यक्रमका लागि इच्छुक बाल बालिकाहरुको नामावली संकलन गरी फुटबल प्रशिक्षण कार्यक्रम सम्पन्न।

- माथागढी गाउँपालिका र SRDCN को समन्वयमा बालविबाह न्यूनिकरण सम्बन्धी १ दिने Color Analysis कार्यक्रम सम्पन्न भएको ।
- माथागढी गाउँपालिका र Globle Quality Council को समन्वयमा १ दिने ISO गुणस्तर प्रमाणिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको।
- सुत्केरी सट्टा शिक्षक व्यवस्थापन कार्यविधि अनुसार आदर्श प्राथमिक विद्यालय र विक्रम आधारभूत विद्यालयमा शिक्षक छनोट भएको।
- श्री हात्तिलुङ्ग माध्यमिक विद्यालय, सातपोखरी माध्यमिक विद्यालय, ग्रामोदय माध्यमिक विद्यालय, किसान माध्यमिक विद्यालय, दिव्यज्योति माध्यमिक विद्यालय, साहारा आधारभूत विद्यालय,सिद्धार्थ माध्यमिक विद्यालय, बुद्धिविकास प्राथमिक विद्यालय, महेन्द्र नरेश माध्यमिक विद्यालयमा अनुगमन सम्पन्न ।
- स्थानीय पाठ्यक्रम सम्बन्धी प्रवोधिकरण कार्यक्रम सम्पन्न ।
- माथागढी गाउँपालिकाको आयोजना तथा समाजिक स्रोत बिकास केन्द्र नेपाल, पाल्पाको सहकार्यमा संचालन भएको आधारभूत तह स्तरीय शैक्षिक सामाग्री प्रदर्शनी प्रतियोगिता कार्यक्रम सम्पन्न।
- अन्तर विद्यालय माथागढी गाउँपालिका स्तरीय सातौं राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता मिति २०८२/०८/१८ गते देखि २० गते सम्म सञ्चालन।
- अन्तर विद्यालय माथागढी गाउँपालिका स्तरीय सातौं राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताको २०८२/०८/१८-२०।
- QEQS कार्यक्रम

| क.सं. | कार्यक्रमको नाम | मिति | स्थान | समुह | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | Multilingual Education Training For Teacher | २०८२/०४/१२-१४ | माथागढी गाउँपालिका सभाहल | A र B | २६+२६=५२ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दिव्यज्योति मा.वि. माथागढी-३ | C र D | २४+२४=४८ जना |
| २ | Core Skills, Critical Thinking and Problem Solving Training | २०८२/०५/०१-०३ | दिव्यज्योति मा.वि. माथागढी-३ | A र B | २५+२५=५० जना |
| | | २०८२/०५/०४-०६ | दिव्यज्योति मा.वि. माथागढी-३ | C र D | २५+२५=५० जना |
| | | २०८२/०५/१३-१५ | माथागढी गाउँपालिका सभाहल | E र F | २४+२४=४८ जना |
| | | २०८२/०५/१६-१८ | माथागढी गाउँपालिका सभाहल | H | २८ जना |
| | | २०८२/०५/१९-२१ | माथागढी गाउँपालिका सभाहल | G | २८ जना |
| ३ | सामाजिक परियोजना कार्य | २०८२/०५/१३-१५ | बार्बरी रिसोर्ट, तानसेन-९ | A | शिक्षक ६ जना र विद्यार्थी १२ जना |
| | | २०८२/०५/१६-१८ | बार्बरी रिसोर्ट, तानसेन-९ | B | शिक्षक ६ जना र विद्यार्थी १२ जना |
| ४ | EfT phase 1 & 2 , MLE र CORE | २०८२/०७/१२ गते देखि सुरु | सम्बन्धित विद्यालय | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | SKILL तालिम प्राप्त गरेका शिक्षकहरूको कक्षावलोकन सञ्चालन र अनुगमन | | | | |
| ५ | **EFT Phase 3** | २०८२/०७/१७-२१ | दिव्यज्योति मा.वि. माथागढी-३ | **A र B** | २३+२१=४४ जना |
| | | २०८२/०७/२३-२७ | माथागढी गाउँपालिका सभाहल | C र D | २२+२२=४४ जना |
| ६ | Multilingual Education Training For Teacher | २०८२/०८/०३-०५ | दिव्यज्योति मा.वि. माथागढी-३ | A | २५ जना |
| | | | दिव्यज्योति मा.वि. माथागढी-३ | B | २६ जना |
| | | २०८२/०८/०९-११ | दिव्यज्योति मा.वि. माथागढी-३ | C | २५ जना |
| | | २०८२/०८/२१-२३ | माथागढी गाउँपालिका सभाहल पछि सञ्चालन हुने | D | २७ जना |

## स्वास्थ्य सेवा तर्फ

| सि नं | बिवरण | प्रगति बिवरण | कैफियत |
|---|---|---|---|
| १ | स्तनपान सप्ताह अगष्ट १ देखि ७ श्रावण १७ देखि २२ सम्म | सबै वडामा | |
| २ | बिद्यालय किशोरी आईरन पहिलो चरण श्रावण असोज संचालन | सबै बिद्यालय | |
| ३ | आ ब २०८१ ८२ को बार्षिक समिक्षा कार्यक्रम पालिका स्तरीय | १ पटक | |
| ४ | क्षयरोगको बार्षिक समिक्षा तथा कोहर्ट बिश्लेषण कार्यक्रम | १ पटक | |
| ५ | औषधि र ल्याव सामाग्रीहरुको बजार दररेट तयार | | |
| ६ | औषधि खरिदको लागि eBiding को तयारी पूर्ण सुचना निकाल्ने तयारी | सूचना निकाल्न बाँकी | |
| ७ | पाल्पा जिल्ला स्तरीय स्वास्थ्य शाखा प्रमुखहरुको घुम्ति बैठक तथा सिकाई आदान प्रदान कार्यक्रम | १ पटक | |
| ८ | रुप्से कसेनी र हात्तिलुङ्गमा गरिएको HPVDNA परिक्षणमा +ve देखिएका सेवाग्राहीहरुको रुप्से र हात्तिलुङ्गमा VIA परिक्षण गरि Thermocogulation द्धारा उपचार गरिएको | १२ जना | |
| ९ | बिश्व आत्महत्या दिवस sep 25 मनाएको | सबै स्वास्थ्य संस्था | |
| १० | जनस्वास्थ्य अधिकृत, अ.न.मी. र ल्याव कर्मचारी भर्नाको लागि बिज्ञापन सम्पन्न पिक्षाको चरणमा । | | |
| ११ | दीर्घ बिरामीहरुको आ.ब.०८२/८३ को पहिलो त्रैमिसक उपचार खर्च भुक्तानी | रु.७९५००० | |
| १२ | स्वास्थ्य सस्था प्रमुखहरुको मासिक नियमित बैठक घुम्ति रुपमा संचालन गरि सिकाई आदान प्रदान गरिएको गोठादी र झडेवा | ३ पटक | |
| १३ | कोभिड १९ बिरुद्धको खोप अभियान संचालन कसेनीमा संचालन गरि सम्पन्न | ५०० जना | |

| | | | |
|---|---|---|---|
| १४ | गाउँपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुलाई कम्प्युटर, DHIS2 र eLMIS को तालिम सम्पन्न । | | |
| १५ | स्वास्थ्य शाखा तर्फको खरिद योजना तयार | | |
| १६ | पाल्पा लायन्स लाकौल आँखा अस्पताल संगको समन्वयमा बिद्यालयमा बालबालिकाहरुको आँखा परिक्षण तथा चश्मा बितरण | परीक्षण<br>चश्मा बितरण | |
| १७ | PNC Home Visit कार्यक्रमको समीक्षा तथा कार्ययोजना गोष्ठी | | |
| १८ | सेवाको पहुँच कम भएको स्थानमा संकास्पद क्षयरोग बिरामीहरुको सक्रिय खोजपड्ताल संचालन गरिएको | वडा नं.१, २, ३ | |
| १९ | CBIMNCI कार्यक्रमको समीक्षा तथा अनसाईट कोचिङ्ग कार्यक्रम | | |
| २० | राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालन | | |
| २१ | बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत पोषण सप्ताहमा बालबालिकाहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम | | |
| २२ | HPMSS कार्यक्रम अभिमुखीकरण तथा समीक्षा | | |
| २३ | बालमैत्री तथा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा अभिमुखीकरण कार्यक्रम तथा स्वास्थ्य संस्था स्व.मुल्याङ्कन प्रकृया | | |
| २४ | रिपोर्ट एनालाईसिस तालिम संचालन मंसिर १४ र १५ गते | | |

## पूर्वाधार विकासतर्फ

### १. कार्यको नाम तथा प्रगति

- बाटो तथा भवन निर्माण कार्यको लागि Rate Analysis तयार गरिएको।
- भिषण वर्षाका कारण पालिकाको सबै वडाको बाटोमा आएको पहिरो सोर्ने तथा मर्मत गरि बाटो तत्काल सुचारु गर्ने कार्य सम्पन्न गरिएको।
- मिति २०८२/०७/११ गते गोतामेघाट दुईपालिका जोड्ने पुल निर्माण कार्यको लागि माथागढी गाउँपालिका र रम्भा गाउँपालिकाको ५०/५० प्रतिशत लागत साँझेदारीमा रम्भा गाउँपालिका द्वरा बोलपत्र आह्यन गर्ने निर्णय भएको थियो।मिति २०८२/०७/२५ गते कुललागत अनुमान रु. ९४,७४,६६७.३४ रकम बराबरको बोलपत्रको लागि सूचना आह्यन गरिएको।

- दिव्यज्योति माध्यमिक विद्यालयको २१ कोठे भवनको निर्माण कार्य सम्पन्न भएको।
- गाउँपालिकाको प्रशासकीय भवनको पहिलो तल्लाको ढलान गर्ने कार्य सम्पन्न भएको, सभाहलको स्ट्रक्चरको कार्य सम्पन्न भएको छ।हाल पहिलो तल्लाको गाह्रो लगाउने कार्य भईरहेको छ।हाल सम्म वित्तिय तर्फको ३८.७१ प्रतिशत (रु.२,६२,०२,६२०.४३ खर्च) र भौतिक तर्फ ४० प्रतिशत प्रगति भएको।
- सराई सभाहल भवन निर्माण, माथागढी-३, कसेनी, पाल्पाको निर्माण कार्यको भौतिक तर्फ ९० प्रतिशत वित्तीय तर्फ ५७.५६ प्रतिशत प्रगति भएको।
- १५ सैया अस्पताल माथागढी-४, झडेवा, पाल्पाको निर्माण कार्य अन्तिम चरणमा रहेको।

## १.२ आ.व. २०८२/०८३ मा ठेक्का प्रक्रियामा गएको योजनाको प्रगति

| ठेक्का न. | आयोजनाको नाम | निर्माण व्यवसायको नाम | लागत अनुमान | कबोल रकम | प्रगति |
|---|---|---|---|---|---|
| **01-82-83** | Asphalt Concrete work at Mohanchaupari-Manke-Sole-Dohara hudain Fedi Road | NARAYANSTHA N-MR NERISACONS JV KATHMANDU-6 | 5,72,95,081.21 | 4,76,32,741.18 | सम्झौताको लागि पत्रचार गरिएको |
| **02-82-83** | Asphalt Concrete work at Sarai-Aeklewar-Sikarkot-Olesh Ring Road | TRIPLE R-THUB J.V., Tokha-6 , kathmandu | 1,52,97,960.75 | 1,23,71,017.48 | कार्य सुरु भएको |
| **03-82-83** | Construction of Canteen Block and Compound wall of Divyajyoti Secondary School, Mathgadhi-03, Palpa | Anushka NirmanSewa Khadhachakra-11, Kalikot | 1,99,50,940.08 | 1,21,88,156.16 | कार्य सुरु भएको |
| **04-82-83** | Road Upgrading work (Rahawas- Materi Road, Mathagadhi-07, Rahawas, Palpa | N.S.S. Builders Private Limited Galyang-1,Syangja,Nepal | 57,65,329.52 | 45,93,837.1 | सम्झौताको लागि पत्रचार गरिएको |
| **05-82-83** | Road Upgrading Work (Birauta-Dharaini-Rumal Danda-Bihadi Road, Mathagadhi-01, Chidipani | Rayamajhi Builders & Suppliers Pipaltar Ward No. 3 | 51,85,686.51 | 37,42,357.84 | सम्झौताको लागि पत्रचार गरिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| **06-82-83** | Construction of Dallerah-Box Culvert work, Mathagadhi 04. Jhadewa, Palpa | Imperial Infrastructure And Development Pvt. Ltd.,Sainamaina 7 Rupandehi | 27,38,312.26 | 24,91,830.58 | सम्झौताको लागि पत्रचार गरिएको |
| **07-82-83** | Construction of Dallerah-Box Culvert work, Mathagadhi 04. Jhadewa, Palpa | Nerisa Construction Company Pvt.Ltd., Kathmandu-6 | 17,38,000.92 | 16,38,346.2 | सम्झौताको लागि पत्रचार गरिएको |
| **08-82-83** | Road Upgrading work (Rahawas-Tinghare-Dhanuwa Road, Mathagadhi-07, Rahawas, Palpa | Yash Construction And Suppliers Kathmandu | 12,06,072.15 | 12,03,007.67 | सम्झौताको लागि पत्रचार गरिएको |
| **09-82-83** | Road Upgrading work (Amarai Sathipaila-Swastya Chauki hudai wada karyalaya road, Mathagadhi-02, Rupse, Palpa | लागत अनुमान रु. (१०,०५,२२४.८३) बराबरको मिति २०८२/०८/१४ गते तेस्रो पटक बोलपत्रको लागि सूचना आह्वान गरिएको छ | | | |
| **10-82-83** | Road Upgrading Work (Chitrungdi road, Mathagadhi-03, Sarai, Palpa) | Nerisa Construction Company Pvt.Ltd., Kathmandu-6 | 10,24,198.33 | 9,70,644.818 | सम्झौताको लागि पत्रचार गरिएको |
| **11-82-83** | Gramodaya Ma. Vi. School fencing work, Mathagadi-06, Gothadi, Palpa | Nerisa Construction Company Pvt.Ltd., Kathmandu-6 | 10,03,606.89 | 9,47,327.598 | सम्झौताको लागि पत्रचार गरिएको |
| **12-82-83** | Procurement of Medicine and Medical Accessories | Ranimahal Medico Supplairs | 35,86,986.75 | 15,66,166.21 | खरिद आदेश जारी भएको |
| **13-82-83** | Road Upgrading Work [Kerauli-Bahadurpur Road, Mathagadhi-04 (Jhadewa), Mathagadhi-08 (Bahadurpur), Palpa | | 58,48,544.33 | | ठेक्काको सूचना आह्यन गरिएको |
| **14-82-83** | Road Upgrading Work [Devagir-Devinagar and Chitrechhap Road, Mathagadhi-04 Jhadewa, Palpa] | | 14,05,648.09 | | ठेक्काको सूचना आह्यन गरिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| **15-82-83** | Construction of Kudhar khola Culvert, Mathagadhi-04, Jhadewa, Palpa | | 10,06,670.26 | | ठेक्काको सूचना आह्वान गरिएको |
| **16-82-83** | Supply and Delivery of Sanitary pad at Mathagadhi Rural Municipality, Mathagadhi-04, Palpa | | 10,94,173.35 | | ठेक्काको सूचना आह्वान गरिएको |

१.३ आ.व. २०८२/०८३ मा ठेक्का निकाल्न बाँकी रहेको योजना

| ठेक्का न. | आयोजनाको नाम | निर्माण व्यवसायको नाम | लागत अनुमान | कबोल रकम | प्रगति |
|---|---|---|---|---|---|
| १. | मुडकट्टा जानेबाटोदेखि काभ्रेचौर हुंदै खुसराव —डढुवा कृषि सडक स्तरोन्नती ,माथागढी —८, बहादुरपुर, पाल्पा | प्रस्तावित मोटरबाटोमा वन क्षेत्रमा पर्ने गएको हुनाले हाल सम्म योजना सर्भे नभएको | | | |
| २. | माराघाट — सिरिकडाँडा हात्तीलुङ मोटरबाटो स्तरोन्नती ,माथागढी —५, हात्तीलुङ, पाल्पा | प्रस्तावित मोटरबाटोको ग्रेड मापदण्ड भन्दा अति धेरै भएको कारण बाटोको मार्ग परिवर्तन गर्नुपर्ने देखिएकोले हालसम्म बाटोको सर्भे नभएको | | | |
| ३. | ताकातुङ सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण, माथागढी ८ | प्रस्तावित भवनको जग्गा कार्यालयको नाममा पास गर्ने प्रक्रियामा रहेकोले हाल टेन्डर प्रक्रियामा नगएको | | | |
| ४. | कसेनी पुलिस चौकी भवन निर्माण | प्रस्तावित भवनको लागि बजेट नभएको | | | |

| आ.व. २०८२/०८३ मा उपभोक्ता समिति मार्फत संचालन गरिने योजना विवरण तथा प्रगति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा.नं | विनियोजित योजना संख्या | उ.स.गठन भएको संख्या | योजना सर्भे भएको | लागत अनुमान तयार भएको | सम्झौता भएको योजना संख्या | सम्झौता प्रतिशत(%) | सम्पन्न भएका योजना | सम्पन्न प्रतिशत(%) |
| १. | १४ | १० | १४ | १४ | १० | ७१.४२ | ० | ० |
| २. | २० | १९ | १९ | १७ | १४ | ७० | ० | ० |
| ३. | ३० | २५ | २४ | २४ | १९ | ६३.३३ | ० | ० |
| ४. | २० | १८ | १२ | ७ | ० | ० | ० | ० |
| ५. | १४ | १४ | १३ | १३ | १२ | ८५.७१ | ० | ० |
| ६. | २० | १६ | १५ | ४ | ११ | ५५ | ० | ० |
| ७. | १४ | १० | ८ | ७ | ५ | ३५.७१ | ० | ० |
| ८. | ८ | ६ | ४ | ४ | ४ | ५० | ० | ० |
| खानेपानी | २४ | १२ | ९ | ९ | ५ | २०.८३ | ० | ० |
| जम्मा | १६४ | १३० | ११८ | ९९ | ८० | ४८.७८ | | |

१.२ आ.व. २०८२/०८३ मा गाउँपालिकाको डोजर प्रयोग गरि बाटो सोरसार तथा मर्मत सम्भार गरेको विवरण

| वडा.नं | समय (घण्टा) | दर प्रति घण्टा | समय अनुसार रकम (रु.) | परिमाण (घ.मि.) | दर प्रति घ.मि. | घ.मि. अनुसार रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ३४.२ | २५०० | ८५५००.०० | ९४९.५७ | ४६.७३ | ४४,३७३.०४१ |
| २. | ४ | २५०० | १००००.०० | २१८ | ४६.७३ | १०,१८७.१४ |
| ३. | १४ | २५०० | ३५०००.०० | ४३५ | ४६.७३ | ३५,५७६.७ |
| | | | | २३५ | ६४.८९ | |
| ४. | ७४.८ | २५०० | १,८७,०००.०० | ४००१.७१ | ४६.७३ | १,८७,०००.०० |
| ५. | ११४ | २५०० | २८५०००.०० | ६०९८.८६ | ४६.७३ | २,८५,०००.०० |
| ६. | ८५.१० | २५०० | २१२७५०.०० | १२४८.०४ | ४६.७३ | २,०३,०३५.३४ |
| | | | | २२३०.१५ | ६४.८९ | |
| ७. | ४३ | २५०० | १०७५००.०० | ९०७.५ | ६४.८९ | १,०७,९५६.९८ |
| | | | | १०५०.०६ | ४६.७३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | ११५ | २५०० | २८७५००.०० | ५२९६.९५ | ४६.७३ | ३,२४,६९८.२०४ |
| | | | | ११८९.२७ | ६४.८९ | |
| **जम्मा** | ४८४.१ | २५०० | १२,१०,२५०.०० | | | ११,९७,८२७.४ |

## रोजगार सेवा केन्द्र तर्फ

- श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृतिमा सहजिकरण ३१ जना,
- राष्ट्रिय रोजगार कार्यक्रम योजना संकलनको चरणमा रहेको,
- सुरक्षित आप्रावासन(SaMi)कार्यक्रम कार्यान्वयन समितिको बैठक सम्पन्न भएको,
- सुरक्षित आप्रावासन(SaMi)चौथो चरणको कार्यान्वयन मोडालिटी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको,
- सुरक्षित आप्रावासन (SaMi)कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरिएको,

## <u>नापी तथा नक्सा सेवातर्फ</u>

- जग्गाको फिल्ड रेखाङ्कन १४ वटा ।
- गोठादी स्वास्थ्य एकाई भवन निर्माणका लागि जग्गा फिल्ड रेखाङ्कन गरीएको ।
- माथा प्रहरी चौकी भवन निर्माण गर्न जग्गा फिल्ड रेखाङ्कन गरीएको।
- भू-उपयोग वर्गिकरण काम गर्न पालिका तथा वडा स्तरी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- भू-उपयोग वर्गिकरणको मापदण्ड अनुसार वडागत Zoning काम सम्पन्न गरीएको ।
- भूमिहिन समस्या समाधान आयोग जिल्ला समिति पाल्पाको सहकार्यमा भूमि दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि लगत संकलन सम्बन्धी पालिका स्तरीय अभिमुखिकरण सम्पन्न गरिएको ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीका लागि संकलित निवेदनहरु

| अव्यवस्थित बसोबासी संकलन निवेदन संख्या | भूमिहिन सुकुम्बासी संकलन निवेदन संख्या | भूमिहिन दलित संकलन निवेदन संख्या | **जम्मा** |
|---|---|---|---|
| ७१३ | ११ | १ | ७२५ |

**पञ्जिकरण सेवा (MIS) तर्फ**

- बयोमेट्रीक विधिबाट सामाजिक सुरक्षा भत्ता नविकरण गरिएको जम्मा ३०५७जना।
- बयोमेट्रीक विधिबाट नयाँ सामाजिक सुरक्षा भत्ता लाभग्राही संख्या ५१ दर्ता गरियो।
- यस आ.व.मा हालसम्मको ३१९ वटा घटना दर्ता गरियो।
- सामाजिक सुरक्षा भत्ता प्रथम त्रैमासिक ३०८७ जनालाई ३०५२२५३९ रुपैयाँ वितरण गरियो।
- नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको समन्वय र माथागढी गाउँपालिकाको आयोजनामा ४ देखि ८ नं वडामा प्रथम त्रैमासिक बस्तिस्तरमा गई सामाजिक सुरक्षा भत्ता वितरण गरियो।
- लगत कट्टा ३५ जना लाभग्राहीको गरियो।

## आन्तरिक राजस्व तर्फ

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १,२५,५२७.५० | |
| २ | ११३१४ | भुमिकर/मालपोत | १,६८,३९७.४२ | |
| ३ | ११३१७ | वहाल कर | ३,०३,५२७.१४ | |
| ४ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ८००.०० | |
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २५०.०० | |
| ६ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १,१११.०० | |

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| ७ | ११६९१ | अन्य कर | २०,१९५.०० | |
| ८ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३,९८,४००.०० | |
| ९ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५००.०० | |
| १० | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ३०,४००.०० | |
| ११ | १४२२४ | परीक्षा शुल्क | १५,५००.०० | |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४३,०००.०० | |
| १३ | १४२४२ | नक्सापास दस्तुर | १,०००.०० | |
| १४ | १४२४३ | सिफारिश दस्तुर | ३,५४,९००.०० | |
| १५ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,२९,३००.०० | |
| १६ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३०,९००.०० | |
| १७ | १४२४९ | अन्य दस्तुर | ७३,८१५.०० | |
| १८ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४५,७८७.५० | |
| १९ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | २५,०००.०० | |
| २० | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | १२,००,०००.०० | |
| २१ | १४५२९ | अन्य राजस्व | ४५,६५,६९९.०० | |
| २२ | १४६११ | व्यवसाय कर | ८८,४००.०० | |

| क्र.सं. | विवरण | गत आ.व हरुमा | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
|---|---|---|---|---|
| १ | महिला | ८७ | ४९५ | |
| २ | पुरुष | ८६ | ४३६ | |
| जम्मा | | १७३ | ९३१ | |

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| २३ | १५१११ | बेरूजू | ६८,१४५.०० | |
| २४ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ३,९४,१४४.०० | |
| जम्मा | ८०,८४,६९८.५६ | | | |

## महिला बालबालिका तथा ज्येष्ठ नागरिकतर्फ

ज्येष्ठ नागरिक परिचयपत्र वितरणः

महिलाः- १० जना, पुरुषः- ७ जना, जम्माः- १७ जना

१. अपाङ्ग परिचय वितरण

| | गत आ.व.हरुको | आ.व. २०८१।०८२ | आ.व. २०८१।०८२ | |
|---|---|---|---|---|

| वडा | पूर्ण अपाङ्ग (रातो)/क वर्ग) क़ | अति अशक्त (निलो)/ ख वर्ग | मध्यम (पहेलो/ ग वर्ग | सामान्य (सेतो)/ घ वर्ग | पूर्णअपाङ्ग (रातो)/क वर्ग | अति अशक्त (निलो)/ ख वर्ग | मध्यम (पहेल)/ ग वर्ग | सामान्य (सेतो)/ घ वर्ग | पूर्ण अपाङ्ग (रातो)/क वर्ग) | अति अशक्त (निलो)/ ख वर्ग | मध्यम (पहेलो/ ग वर्ग | सामान्य (सेतो)/ घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | १७ | ३१ | ८ | १२ | - | १ | - | - | 1 | 2 | 1 | | ७३ |
| 2 | २ | १२ | ३ | ९ | - | - | १ | - | | 2 | | | २९ |
| 3 | १० | ४७ | २५ | १४ | - | १ | १ | - | | | 2 | | १०० |
| 4 | १८ | ३५ | २५ | १२ | - | १ | - | - | 1 | 1 | | 1 | ९४ |
| 5 | ९ | २५ | ७ | ५ | - | - | १ | - | | | | | ४७ |
| 6 | ५ | १० | १० | ६ | - | - | - | १ | | | | | ३२ |
| 7 | ४ | १२ | ३ | ४ | - | १ | - | - | | | | | २४ |
| 8 | ६ | ११ | ५ | ५ | - | - | - | - | | | | | २७ |
| जम्मा | ७१ | १८३ | ८६ | ६७ | | ४ | ३ | १ | 2 | 5 | 3 | 1 | ४२६ |

२. न्यायिक समिति तर्फ

| सि.नं. | उजुरी संख्या | उजुरि किसिम | मेलमिलप भएका | मेलमिलाप हुन नसकेका | मेलमिलाप हुन बाँकी |
|---|---|---|---|---|---|
| १ | 1 | लेनदेन सम्बन्धमा | - | - | गत आ.व.को |
| २ | 1 | खानेपानी | 2082/05/12 | - | मेलमिलाप गर्दै |
| ३ | 1 | बैदेशिक रोजगार | मेलमिलाप भएको208/-06/09 | - | |
| ४ | १ | जग्गा सम्बन्धमा | मेलमिलाप भएको 2082/08/09 | - | |
| **जम्मा 3 बाँकी १ गरी ४ वटा** | | | | | |

**अन्य**

- उपभोक्ता समितिलाई अभिमुखिकरण तालिम- ७ वटा वडाहरुमा।
- सहकारी अनुगमनः २ पटकः कसेनी माडी कृषि सहकारी संस्था लि. माथागढी ३।
- जिन्सी निरीक्षणः गा.पा.,८ वटै वडा,स्वास्थ्य चौकी, तथा स्वास्थ्य ईकाईहरु।
- ७ वटा कार्यपालिकाका बैठक सम्पन्न
- सम्पत्ति विवरण संकलन र सम्वन्धित निकायमा बुझाईएको।
- सम्पूर्ण कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गरिएको।
- कर्मचारीहरु छनौटः जनस्वास्थ्य अधिकृत, मनोसामाजिक परामर्शकर्ता , कार्यालय सहयोगी।
- **आगामी आ.व. २०८२/०८३ को लागि पारित बजेट तथा कुल खर्च**

| विषय | रकम | प्रतिशत | खर्च % |
|---|---|---|---|
| कुल बजेट | रु.६५,३७,५२,८९९/ | १००% | १८.३६ |
| चालु तर्फ | रु.४७,५२,२७,८९९ / | ७२.६९% | ७.७२ |
| पूँजीगत तर्फ | रु.१७,८५,२५,०००/ | २७.३१ % | १३.९९ |

अन्त्यमा यो प्रगति प्रतिवेदन ध्यानपूर्वक सुनिदिनु भएकोमा सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यो सार्वजनिक सुनुवाई कार्यक्रमलाई गाउँ कार्यपालिकाको मात्र नभई सबैको साझा सरोकारको कार्यक्रम भएकोले यसलाई सभ्य, अनुशासित, शालीन, उपलब्धिमुलक एवम् अर्थपूर्ण बनाउन सबैलाई हार्दिक अनुरोध गर्दछु। सबै सहभागीज्यूहरुबाट गाउँपालिकाको सेवा प्रवाह विकास निर्माण लगायत विविध विषयमा प्रश्न, गुनासो, जिज्ञासा, अपेक्षा साथै रचनात्मक सुझाबको लागि सादर अनुरोध गर्दछु।

*मिति : २०८२ मंसिर २२ गते रोज २ शुभम्*

*धन्यवाद!!*